बैठक नं. ४९

आज मिति २०८० माघ २७ गते, शनिबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

विषयहरु :

१. अन्तर नगर खेलकुद प्रतियोगिता सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

३. विविध ।

निर्णयहरु :-

**१.** यस नगरपालिकाको आयोजनामा हरेक वर्ष हुँदै आएको अन्तर नगर खेलकुद प्रतियोगिता अन्तर्गत यस वर्ष महिला कबड्डी प्रतियोगिता २०८० फागुनको अन्तिम सातामा संचालन गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाको देहायका समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. **भक्तपुर नगरपालिकाकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को सूचिकरण तथा छनौट समिति**

मिति २०८० माघ २६ गते बसेको भक्तपुर नगरपालिकाकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को सूचिकरण तथा छनौट समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. यस नगरपालिकाको लागि आवश्यक नगर प्रहरी सहायक निरीक्षक, नगर प्रहरी जवान खुल्ला र नगर प्रहरी जवान (महिला) हरुको लिखित परीक्षामा सफल ३९ जना आवेदकहरुको विस्तृत स्वास्थ्य परीक्षण गरे वापत ख्वप अस्पतालले पठाएको पत्र र बिल बमोजिम प्रति व्यक्ति रु.१७७०।- का दरले जम्मा रु.६९,०३०।- रुपैयां भुक्तानी दिने निर्णय गरियो ।

**ख. युवा तथा खेलकुद समिति**

मिति २०८० माघ २५ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. किर्तिपुर नगरपालिकाको आयोजनामा २०८०।११।०६ गतेदेखि हुने दोश्रो राष्ट्रव्यापी अन्तर स्थानीय तह मेयर कप (यु १८) पुरुष वास्केट बल प्रतियोगितामा यस नगरपालिकाबाट एक टिम सहभागी गराउने र

उक्त प्रतियोगितामा भाग लिन जान आवश्यक व्यवस्थाको लागि युवा तथा खेलकुद समितिका सदस्य श्री सुनिता अवाल (प्रजापति) लाई रु.१,००,०००।- (अक्षेरुपी एक लाख) पेश्की दिने निर्णय गरियो ।

३. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

१. भ.न.पा. ८ लर्के स्थित कम्पोष्ट मल प्लान्टमा CNBM प्रविधिबाट प्राङ्गारिक मल उत्पदन कार्यमा मिति २०७९।३।१ गतेदेखि इन्टर्नशीपमा कार्य गर्दै आएका रमिता तमखुलाई मिति २०८०।११।०१ गतेदेखि खरिदार सहायक स्तर चौथो तहका कर्मचारीले पाउने मासिक तलव रु.३२,९०२।- को दैनिक हिसाबले पाउने रकम रु.१,०९६।७३ का दरले दैनिक ज्याला पाउने गरी दैनिक ज्यालादारीमा नियुक्ति गरी कार्य गराउने निर्णय गरियो ।